नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन { ४२००३०९ / ४२००२८१

मितिः २०७७/५/१८

पत्र संख्याः- ०७७/७८

चलानी नं.:- ८६

विषयः-**वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।**

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।
श्री उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
रामशाह पथ, काठमाण्डौ ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

तपशील अनुसारको अध्ययन तालिम कार्यक्रममा तहाँबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख को उपदफा गठित समितिको बमोजिम (३) बैठकबाट मिति २०७६/१२/०४ मा निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी **मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना** आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको **कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य** रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भई सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।**

तपशीलः

| क्र.सं | अध्ययन/तालिम/ अध्ययन भ्रमणको विषय | सिट संख्या | अध्ययन/ तालीम/ अध्ययन भ्रमण | अवधि | फाराम बुझाउने अन्तिम मिति | कार्यक्रम हुने देशसंस्था / | आवश्यक योग्यता वाअन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| १. | **"Safeguards Traineeship Programme"** | **6(six)** | **Training** | **1 February 2021 to 30 November 2021** | **International Atomic Energy Agency (IAEA)/ Austria Vienna** | **1 September 2020** | • **minimum qualification required is a first degree in a relevant field of Science and engineering, two years of related work or advanced graduate studies are preferred**<br>• **must have a good working knowledge of English language** | **शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय-३, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय-१, उर्जा जलश्रोत तथा सिँचाई मन्त्रालय-१ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले १ मनोनयन गरी पठाउने ।** |

(राजन थापा)
शाखा अधिकृत